# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रकाशित मिति:२०८२/०९/२२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा 'घ' को (६),यस गाउँपालिकाको आर्थिक ऐन, २०८२ र गाउँ कार्यपालिकाको मिति २०८२/०७/११ गते बसेको बैठकको निर्णय र मिति २०८२/०९/०९गतेको राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिको प्राप्त पत्र बमोजिम तपसिलमा उल्लेखित गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहेका नदी, खोलाहरुको घाटबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE)प्रतिवेदन- २०८० द्वारा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| नं. | सूचना नं. बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (अ.आयकर, मू.अ. कर र सडक मर्मत/वातावरण शुल्क बाहेक) | बोलपत्र दस्तुर | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | 18/RBRM/2082-83 | बबई गाउँपालिका अन्तर्गत पर्ने विभिन्न ३ वोटा घाटहरु)**ओदाले घाट Site 1 , ओदाले घाट Site 2, र कालितारा घाट वडा नम्बर ७)**को नदिजन्य पदार्थको एकमुष्ट ठेक्का। | ३६५५१०.२५ | रु. २९,२४,०८२.००/- | रु.३०००/- | २०८२।१०।२२ गते दिउसो २:०० बजे |
| २ | 19/RBRM/2082-83 | बबई गाउँपालिका अन्तर्गत पर्ने विभिन्न २ वोटा घाटहरु)**मकैतारा ट्वाङ खोला दोभान घाट Site 1 र मकैतारा ट्वाङ खोला दोभान घाट Site 2 वडा नम्बर ५** )को नदिजन्य पदार्थको एकमुष्ट ठेक्का। | २४७२०५.०० | रु. १९,७७,६४०.००/- | रु.३०००/- | |
| ३ | 20/RBRM/2082-83 | बबई गाउँपालिका अन्तर्गत पर्ने विभिन्न २ वोटा घाटहरु)**हुरुम घाट र जलुके घाट वडा नम्बर ५** )को नदिजन्य पदार्थको एकमुष्ट ठेक्का। | २२९५४७.५ | रु. १८,३६,३८०.००/- | रु.३०००/- | |
| ४ | 21/RBRM/2082-83 | बबई गाउँपालिका अन्तर्गत पर्ने विभिन्न **टिकुलिगैरा घाट वडा नम्बर ६** को नदिजन्य पदार्थको एकमुष्ट ठेक्का। | १४५६७४.३८ | रु. ११,६५,३९५.००/- | रु.३०००/- | |

**शर्तहरु:**

१) बोलपत्र दस्तुर यस कार्यालयको नबिल बैंकशाखा कार्यालय हापुरेमा रहेको आन्तरिक राजश्व खाता नं.२२००१०१७५००३१मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।

२) आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नबिल बैंकशाखा कार्यालय हापुरेमा रहेको धरौटी खाता नं. २२००१०१७५००२१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बीड बण्ड पेश गर्नु पर्नेछ ।

३) यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित यस गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

४) अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटी, Website; www.bolpatra.gov.np/egpवा राजश्व प्रशासन शाखामा (९८५१२२३७४०) सम्पर्क राख्न हुन समेत जानकारी गराइन्छ पत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**जोखिम वली**
**प्रमुख प्रशासकीय अधिकृत**